का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ जेठ २०८१,
बुधबार
5 June 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ११३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# स्वास्थ्य सामग्री खरिदमा मनोमानी



महालेखा प्रतिवेदनमा स्वास्थ्य सेवा विभागले माग बेगर नै उपकरण खरिद गरेर अस्पताललाई हस्तान्तरण गर्ने, मूल्य नखुलाउने, वारेन्टी ग्यारेन्टीका कागजात उपलब्ध नगराउने देखिएको समेत उल्लेख गरिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

स्वास्थ्य सामग्री खरिदमा मनोमानी हुने गरेको पाइएको छ । महालेखा परीक्षकको ६१ औं प्रतिवेदनल अनुसार स्वास्थ्य सेवा विभागले माग बेगर नै उपकरण खरिद गरेर अस्पताललाई हस्तान्तरण गर्ने गरेको छ । जसको मूल्य नखुलाउने, वारेन्टी ग्यारेन्टीका कागजात उपलब्ध नगराउने लगायतका समस्या देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अनावश्यक सामग्री खरिद गर्ने तर, आवश्यक सामग्री खरिद नगर्ने गरेको पनि औंल्याइएको छ । बजेट हुँदा समेत एमआरआई जस्ता सामग्री खरिद नगर्दा बिरामी मारमा पर्ने गरेका छन् । यस्तोमा सरकारी अस्पताल पुगेका बिरामी निजीमा रिफर हुने गर्दछन् ।

एक अध्ययन अनुसार दुई हजार ६ सय स्वास्थ्य उपकरण प्रयोगमा आउन सकेका छैनन् । वेवारिसे ति उपकरण थप केही समय प्रयोगमा नआए बिग्रने र काम नलाग्ने हुने सम्बन्धित निकायका कर्मचारीहरु नै बताउँछन् ।

थन्किएर बसेका मेडिकल उपकरणमा अक्सिजन कन्सेन्ट्रेटर ९७७ वटा, सिरिन्ज पम्प ३७४ वटा, इन्फ्यूजन पम्प २८५ वटा, मनिटर मल्टी प्यारामिटर २६८ वटा रहेका छन् । बिआइपिएपी १९९ वटा, एचएफएलसी ८६ वटा, स्टेरिलाइजिङ युनिट यूवी ८२ वटा, सिपिएपी मेसिन ७५ वटा, अन्य ३४९ गरी विभिन्न प्रकारका दुई हजार ६४५ वटा मेसिन देशभरका स्वास्थ्य संस्थामा प्रयोगविहीन रहेका छन् ।

यी उपकरण अब समयमै प्रयोग गरिएन भने त्यसै बिग्रिएर जाने अवस्थामा रहेको कर्मचारीहरु बताउँछन् । कर्मचारीका अनुसार यीमध्ये कतिपय उपकरण यस्ता छन् कि अब प्रयोग गरिएन भने त्यसै खेर जाने अवस्था छ ।

वीर अस्पताल, कोशी अस्पताल जस्ता ठूला ११ वटा अस्पतालमा २० वटा सिटी स्क्यान रहेका छनु र तीमध्ये १६ वटा सञ्चालनमा छन् ।


ठूला अस्पतालमा भएका मेसिनको अवस्थाबारे एशियाली विकास बैंकको सहयोग सर्वेक्षण नै भएको छ । लाइफलाइन इन्टरप्राइजेजसँग समेतको सहकार्यमा भएको सर्वेक्षणका क्रममा मेडिकल उपकरण थन्किएका मात्रै नभएर कतिपय मेसिन बिग्रिएर चल्दै नचलेको पाइएको छ । अध्ययन अनुसार यीमध्ये कतिपय मेसिन मर्मत गरेर सञ्चालन गर्न मिल्छ । बिग्रिएका मेसिनमा कसैको चार्जर बिग्रिएको छ, कुनैको बोर्डको भाग बिग्रिएको छ । बिग्रिएका कतिपय मेसिन मर्मत गरेर सञ्चालन गर्न मिल्छ ।

महालेखाको ६१ औं प्रतिवेदनको ४९ औं बुँदामा उपकरण शीर्षकमा स्वास्थ्य मन्त्रालयले सरकारी अस्पतालमा रहेका उपकरण सञ्चालनमा सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउन भनिएको छ ।

महालेखाको ६१ औं प्रतिवेदनका अनुसार कोशी अस्पतालमा उपलब्ध गराएको २१ लाख १० हजार रुपैयाँको १० थान बाइपास मेसिन र २ थान भेन्टिलेटर मेसिन, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा ८६ थान डाइलाइसिस मेसिन रहेकामा ६१ वटा मात्रै चालू अवस्थामा रहेको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)मा हस्तान्तरण भएको ४५ थान भेन्टिलेटरसहितका उपकरण तथा खरिद गरेको >>> पृष्ठ २ मा

# बालेनसँग सशंकित ओली



म भन्न चाहन्छु बालेनजीलाई, काठमाडौंलाई अझै सुन्दर बनाउन तपाईंको योजना के छ ? पैसा कति चाहियो ? सरकार दिन तयार छ । हामी अर्थमन्त्रीजीलाई भनौंला, प्रधानमन्त्रीजीलाई भनौंला । आउनु, सँगसँगै काम गरौं ।

■ **योगेश भट्टराई**
**सचिव, एमाले**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) र नेकपा एमालेका नेता/कार्यकर्ता सामाजिक सञ्जालमा वादप्रतिवादमा उत्रिएका छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले नै बालेनका सन्दर्भमा सार्वजनिक टिप्पणी गरेपछि नेता/कार्यकर्ता सामाजिक सञ्जालमा सक्रिय भएका हुन् ।

मेयर बालेनले सोमबार सामाजिक सञ्जालमा एक स्टाटस लेख्दै एमाले अध्यक्ष ओलीलाई गिरीबन्धु टी इस्टेट प्रकरणमा जोडे । ओलीको नामै किटेर १० हजार करोडको काण्ड लुकाउनका लागि जनतालाई नझुक्याउन चेतावनी दिए ।

दिउँसो एमाले अध्यक्ष ओलीले गिरीबन्धु टी इस्टेट प्रकरणबारे काठमाडौं महानगरपालिकाका मेयर बालेनसँगै सोध्न आग्रह गरे । 'गिरीबन्धु टी इस्टेटबारे प्रश्न उठिरहेको छ नि' भन्ने प्रश्नमा उनले जवाफ फर्काए, 'बालेनलाई सोध्नु ।'

नेकपा एमालेले मेयर बालेन शाहलाई सके फकाउने नसके सामना गरेरै जाने नीति लिएको छ । यथास्थितिमा रहे आगामी चुनावमा काठमाडौंमा आफूहरुको उपस्थिति थप कमजोर हुने त्रासमा एमाले नेता/कार्यकर्ताहरु रहेका छन् ।

मंगलबार अध्यक्ष ओलीले पार्टीका सचिव योगेश भट्टराईलाई प्रतिनिधि सभामा बालेनका सन्दर्भमा विषय राख्न लगाए । प्रतिनिधि सभाको विशेष समयमा पार्टीको तर्फबाट बोल्दै भट्टराईले मेयर शाहको चार्को आलोचना गरे ।

मेयर जितेर आएपछि आफ्नो पार्टीका अध्यक्ष ओलीले तबला उपहार दिएको स्मरण गर्दै उनले भने, 'तबलाको अर्थ करुणा, प्रेम, सद्भाव हो, तर काठमाडौंका प्रमुखले संमयता गुमाउँदै जानु भएको छ ।'

२०५४ मा एमालेले काठमाडौं महानगरको चुनाव जितेपछि सभ्य सहर बनाउने अभियान थालेको भन्दै उनले भने, 'पछिल्लो पटक विद्यासुन्दर शाक्यजी आएपछि रानीपोखरी बनायौं, कमलपोखरी बनायौं, दरबार स्क्वायर पुनर्निर्माण गर्‍यौं ।'

अर्थात, काठमाडौंको विकासका लागि एमालेले भूमिका खेलेको दाबी गर्दै भट्टराईले बालेनलाई आफूहरुसँग सहकार्य गर्न आह्वान नै गरे ।

'म भन्न चाहन्छु बालेनजीलाई, काठमाडौंलाई अझै सुन्दर बनाउन तपाईंको योजना के छ ? पैसा कति चाहियो ? सरकार दिन तयार छ । हामी अर्थमन्त्रीजीलाई भनौंला, प्रधानमन्त्रीजीलाई भनौंला । आउनुन्, सँगसँगै काम गरौं' एमाले सचिव भट्टराईले भने ।

नेताहरुका अनुसार नेकपा एमालेले मेयर बालेन शाहलाई सके फकाउने नसके सामना गरेरै जाने नीति लिएको छ । सोही अनुसार अध्यक्ष ओलीले सार्वजनिक अभिव्यक्ति दिएका हुन् भने सोही अनुसार सचिव भट्टराईलाई प्रतिनिधि सभाको बैठकमा बोल्न लगाएका हुन् । यथास्थितिमा रहे आगामी चुनावमा काठमाडौंमा आफूहरुको उपस्थिति थप कमजोर हुने त्रासमा एमाले नेता/कार्यकर्ताहरु रहेका छन् । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# १७ हजार बंगलादेशी कामदार मलेसिया प्रवेशमा रोकिए

## बंगलादेशको आग्रह मलेसियाद्वारा अस्वीकार

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २२ जेठ

मलेसियाले गत मे ३१ तारिकमा समाप्त भएको विदेशी कामदार प्रवेशको अन्तिम मितिमा कुनै संशोधन र पुनर्विचार नहुने स्पष्ट पारेको छ। मे ३१ तारिकको निर्धारित अवधिमा वर्क पर्मिट अन्तर्गत भिसा स्वीकृत गरेका, तर मे ३१ को म्यादमा मलेसिया प्रवेश गर्न नसकेका झण्डै १७ हजार बंगलादेशी कामदारलाई प्रवेश अवधि थपेर मलेसिया पुग्न अनुमति दिन बंगलादेशले मलेसियालाई अनुरोध गरेको बंगलादेशका सञ्चारमाध्यमले जनाएका छन् ।

त्यस विषयमा मंगलबार सोधिएको एक प्रश्नको उत्तरमा गृहमन्त्री दातुक सेरी सैफुद्दीन नासुशन इस्माइलले विदेशी कामदारको भिसा प्रक्रिया व्यवस्थापन गर्न दिइएको अवधि उचित र पर्याप्त भएकाले बंगलादेशको अनुरोध स्वीकार गर्न नसकिने बताएका छन् ।

मे २८ देखि ३१ तारिकसम्म २० हजारभन्दा बढी विदेशी कामदार मलेसिया प्रवेश गरेको र उनीहरूमध्ये केही १० वर्ष पहिले भिसा स्वीकृत भएकाहरू पनि रहेको उनले बताए । आगामी डिसेम्बरसम्ममा मलेसियामा २६ लाखभन्दा बढी विदेशी कामदारको संख्या पुग्ने भन्दै गृहमन्त्री इस्माइलले उक्त संख्या मलेसियाको आर्थिक योजना इकाई (इपीयू)ले तोकेको २५ लाखभन्दा एक लाख बढी हुने बताए ।

उत्पादन, निर्माण र सेवा क्षेत्रमा विदेशी कामदार पर्याप्त देखिएको भन्दै गृहमन्त्री इस्माइलले प्लान्टेसन (वृक्षारोपण) र कृषि क्षेत्रका लागि नयाँ स्वीकृतिबाट विदेशी कामदार नलिइ हालको कोटाभित्रै रहेर प्रक्रिया अघि बढाउने बताए ।

### पोखरा रोजगार मेला
### ५ हजार बढीले गरे अवलोकन

पोखरा/मस- गण्डकी प्रदेशको श्रमाधान रोजगार मेला ५ हजार बढीले अवलोकन गरेका छन् । पोखरा इभेन्ट सेन्टरमा दुई दिनसम्म चलेको मेला ५ हजारभन्दा बढीले अवलोकन गरेका हुन् । मेलामा रोजगारीका लागि पाँच सय भन्दा बढीले आवेदन फारम भरेका छन् ।

मेलामा रोजगारीका लागि फाराम भरेकाहरुलाई पछि बोलाउने सम्बन्धित कम्पनीले आश्वासन दिएका छन् । सीप र योग्यताका आधारमा उनीहरुले रोजगारी पाउने सम्बन्धित कम्पनीहरुले जनाएका छन् । विभिन्न कम्पनीहरूले ३ सय ५० भन्दा बढी क्षेत्रमा कर्मचारी माग गरेको बताएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा >>> पृष्ठ २ मा

# भारतमा बदलिएको जनमत

दक्षिणी छिमेक भारतमा लगातार दश वर्ष नेतृत्व गरेको भारतीय जनता पार्टी (बिजेपी)लाई धक्का दिनेगरी चुनावी नतिजा आएको छ । यद्यपि बिजेपी नेतृत्वको गठबन्धनले नै बहुमत पाउने प्रारम्भिक रुझान देखिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ ।

दक्षिण छिमेक भारतमा सात चरण गरी एक महिनासम्म चलेको लोकसभा चुनावको मत गणना मंगलबारदेखि सुरु भएको छ । मंगलरबारै थुप्रै निर्वाचन क्षेत्रको अन्तिम नतिजा सार्वजनिक भएको छ भने प्रारम्भिक रुझानबाटै नयाँ जनादेशको सन्देश प्रष्ट भइसकेको छ ।

चुनावी नतिजाले दश वर्षसम्म भारतमा शासन गरेको भारतीय जनता पार्टी (बीजेपी) लाई निराश तुल्याएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी बीजेपीले यो चुनावबाट ४ सय बढी सिट जित्ने दावी गरेको थियो । यसअघि सन् २०१४ र २०१९ मा दावी बमोजिम चुनाव जितेको बीजेपीले यसपटक दुई तिहाई ल्याउने दावी गरेको थियो ।

चार सय सिट बढी जित्नुको अर्थ भारतको ५४३ सिटको दुई तिहाइ थियो ।



तर मंगलबार मध्यरातसम्म सार्वजनिक तालिका अनुसार प्रधानमन्त्री मोदीको पार्टीले सामान्य बहुमत मात्रै ल्याउने अनुमान गर्न सकिन्छ ।

बीजेपी नेतृत्वको एनडीए गठबन्धनले २९२ सिटमा अग्रता लिएको छ । यो संख्या सरकार बनाउन आवश्यक बहुमत हो । भारतमा सरकार बनाउन २७३ सिट आवश्यक पर्छ । धर्मको राजनीति गरिरहेको बिजेपीले सन् २०१९ को चुनावमा ३०२ सिट एक्लैले जितेको थियो । त्यसबेला भारतीय राष्ट्रिय कंग्रेस >>> पृष्ठ २ मा



# पाँचौं पटक विश्वासको मत लिँदै मुख्यमन्त्री यादव

**काठमाडौं / मस–** मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आज पाँचौं पटक विश्वासको मत लिँदैछन् ।

केन्द्रमा सत्ता गठबन्धन फेरिएसँगै उनले डेढ वर्षको अवधिमा पाँचौं पटक विश्वासको मत लिन लागेका हुन् ।

पछिल्लोपटक सत्ता गठबन्धनमध्येका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएपछि यादवले पुनः विश्वासको मत लिनुपर्ने अवस्था आएको हो ।

कुनै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले बुधबार दिउँसो ३ बजे विश्वासको मत लिने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सूचना अधिकारी चन्दनकुमार ठाकुरले जानकारी दिए ।

विसं २०७९ पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त यादवले पहिलो पटक २०७९ माघ ४ गते विश्वासको मत लिएका थिए । तत्पश्चात् विसं २०८० जेठ १ गते मधेस सरकारमा रहेको नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि उनले जेठ ३० गते दोस्रो पटक विश्वासको मत लिएका थिए भने तेस्रो पटक सोही वर्षको फागुन ६ गते विश्वासको मत लिएका थिए ।



त्यसबेला प्रदेशसभाको एक सय सातमध्ये उनले ६९ मत प्राप्त गरे । उनलाई जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रदेश संसदीय दलका नेतासमेत रहेका यादवलाई नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यले समर्थन गरेका थिए । त्यसबेला एमाले र यसअघि दुई पटक विश्वासको मत दिएको जनमत पार्टीसमेत विपक्षमा रह्यो ।

पछि सत्ता साझेदार नेपाली कांग्रेस समर्थन फिर्तासहित सरकारबाट बाहिरिएपछि पुनः २०८१ वैशाख ४ गते चौथोपटक विश्वासको मत लिए ।

त्यसबेला एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत दिएका थिए । चारै पटक सत्ता गठबन्धनमा फेरबदल आएपछि विश्वासको मत लिनुपरे पनि सरकारको नेतृत्व भने परिवर्तन भएन ।

यादवले दुई पटक सबैजसो प्रदेशसभा सदस्य र दलको विश्वासको मत प्राप्त गरे भने तेस्रो पटक नेकपा (एमाले) र जनमत पार्टी, चौथो पटक नेपाली कांग्रेस, जनमत र लोसपाको साथ पाएनन् । यसपटक भने मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई अहिलेसम्म नेपाली कांग्रेसले मात्र विश्वासको मत दिने निर्णय गरेको छ । यस हिसाबले मुख्यमन्त्री आबद्ध पार्टी जसपाका १९ र कांग्रेसका २२ गरी ४१ सांसद उनको पक्षमा देखिएका छन् ।

यसअघि विपक्षमा रहेको नेपाली कांग्रेसले मंगलबार मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने निर्णय गरेको छ भने मधेश प्रदेश सरकारबाट नेकपा (एकीकृत समाजवादी) बाहिरिएको छ । मधेश प्रदेश सरकारमा एकीकृत समाजवादीका तर्फबाट भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपाने र श्रम तथा यातायातमन्त्रीमा बेची लुङ्गेली थिए । लुङ्गेलीले जसपा नेपाल नेतृत्वको सरकारबाट बाहिरिने र सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको जानकारी दिए ।

यहाँ केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरूले जनमत पार्टीको नेतृत्वमा नयाँ सरकार बनाउने तयारी गरेका छन् । एमालेसहित नयाँ गठबन्धनको सरकार बनाउन एकीकृत समाजवादीको वा लोसपामध्ये एक दलको समर्थन अनिवार्य छ ।

# चौबिसै घण्टा तैनाथ रहने गरी मनसुन प्रतिकार्य टोली गठन



**काठमाडौं / मस–** सशस्त्र प्रहरी बल नेपालले २४सैं घण्टा तैनाथ रहने गरी विपद् व्यवस्थापन तालिम प्राप्त 'डेडिकेटेड' मनसुन प्रतिकार्य टोली गठन गरेको छ ।

मनसुनको समयमा बाढी, पहिरो, डुबान एवं विपद्मा परेकाको तत्कालै उद्धारका लागि बाहिनी, शिक्षालय तथा गणमा सिनियर अफिसरको कमाण्डमा एक प्लाटुन र गुल्महरुमा सिनियर अफिसरको कमाण्डमा माइनस प्लाटुन रहने जनाइएको छ । अन्य युनिटहरुमा एक सेक्सनको नफ्रिमा उपलब्ध स्रोतसाधनसहित मनसुन प्रतिकार्य टोली गठन गरिएको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरी, नं २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत, नं ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीले सात / सात प्लाटुन, नं ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरले ५ र नं ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंले तीन प्लाटुन जनशक्ति चौबिसै घण्टा खटाउने गरी तयारी अवस्थामा राखेका छन् । सबै बाहिनीका गरी ५० वटा टोली विपद् प्रतिकार्य र विपद् जोखिम न्यूनीकरण सचेतनाका लागि फिल्डमा खटाइएका छन् ।

'डेडिकेटेड' मनसुन प्रतिकार्य टोलीले प्रदेश, जिल्ला तथा स्थानीय तहहरुमा रहेका आपतकालीन कार्य सञ्चालन केन्द्र, विपद् व्यवस्थापन समिति एवं अन्य विपद् व्यवस्थापनसँग सम्बद्ध सम्पूर्ण सरोकारवाला निकायसँग समन्वय र सहकार्यमा विपद् व्यवस्थापन प्रतिकार्य गर्नेछ ।

सो टोलीले आफ्नो जिम्मेवारी रहेको इलाकामा पर्ने जोखिमयुक्त स्थान तथा वस्तीलगायत महत्वपूर्ण संरचनाजस्तै पुल, कल्भर्ट राजमार्ग, लोकमार्ग आदिको पहिचान गरी विपद्को समयमा तुरुन्त उद्धार तथा परिचालन हुन सक्ने व्यवस्था मिलाउने छ । बाहिनी मुख्यालय, शिक्षालय, गण र गुल्महरुमा सिनियर अधिकृतको कमाण्डमा र बिओपी तथा बेशहरुमा जुनियर अधिकृतको कमाण्डमा विपद् व्यवस्थापन सेल गठन गरी सम्पर्क अधिकृतको व्यवस्था मिलाईएको छ ।

सशस्त्र प्रहरी बल नेपालका कार्यालयमा रहेका हेभि इक्युपमेन्टहरु, डिजास्टर रिलिफ सिस्टम कन्टेनर र मास क्याज्युल्टी भेहिकलसमेत तयारी अवस्थामा राखिएका छन् । बाढी, पहिरो, डुबानका घटनालाई लक्षित गरी सबै बाहिनी मुख्यालयले मातहतलाई मनसुनजन्य विपद् प्रतिकार्य पूर्वअभ्याससमेत सञ्चालन गरेका थिए । यसका साथै जोखिमयुक्त ठाउँमा विपद् सचेतना कार्यक्रमसमेत सञ्चालन गरिएको छ ।

# मातृभाषा पत्रकारिता प्रवर्द्धनका लागि आठ बुँदे घोषणापत्र

**काठमाडौं / मस–** दक्षिण एसियाली पत्रकारबीच साझा ऐक्यबद्धता र सहकार्य गर्न आठ बुँदे घोषणापत्र पारित गर्दै पहिलो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सम्पन्न भएको छ ।

यही जेठ १९ गते ललितपुर र २० गते भक्तपुरमा भएको दुई दिने सम्मेलनबाट काठमाडौं (थिमी) घोषणापत्र जारी गरिएको हो । घोषणापत्रमा नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का केन्द्रीय अध्यक्ष गजुरधन राई, सार्क जर्नालिष्ट फोरमका केन्द्रीय अध्यक्ष राजु लामा, सार्क जर्नालिष्ट फोरमका महासचिव एमडी अब्दुल रहेमान, फोरमको भारत च्याप्टरका अध्यक्ष सुधांशु अनिरुद्ध र भुटान पत्रकार संघका किन्ले डिमले हस्ताक्षर गरेका छन् ।

विसं १९८२ (नेपाल संवत् १०४५) मा पाटन निवासी धर्मादित्य धर्माचार्य (जगतमान वैद्य) ले भारतको कलकत्ताबाट बुद्ध धर्म र नेपाल भाषाको गरी पाँच वर्षसम्म निरन्तर पत्रिका प्रकाशन गरेका थिए । सो पत्रिका १९ अंकसम्म प्रकाशित भएपछि बन्द भएको थियो । नेपाल भाषाको पत्रकारिताको इतिहास सय वर्ष पुगेको सन्दर्भमा मातृभाषा पत्रकारिता शताब्दी वर्षअन्तर्गत सो सम्मेलन आयोजना गरिएको हो ।




नेवाः पत्रकार राष्ट्रिय दबूले सार्क जर्नालिष्ट फोरम तथा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) सँग सहकार्य गरी सम्मेलन आयोजना गरेको हो । सम्मेलनको पहिलो दिन नेपालमा मातृभाषाको पत्रकारिताको प्रवृत्तिको अबको बाटो, विश्वमा मातृभाषाको पत्रकारिताको अवस्था, दोस्रो दिन मातृभाषा पत्रकारिताको विकासको लागि सरकारले के गर्नुपर्दछ भन्ने विषयमा सहभागी दक्षिण एसियाका पत्रकारबीच प्यानल छलफल भएको थियो ।

सम्मेलनमा वरिष्ठ पत्रकार पुष्करभक्त माथेमा, सुरजवीर बज्राचार्य, सहयोग रञ्जित र श्रीजना नेवाले, नेपालभाषाको पत्रकारिता, धर्मादित्य धर्माचार्य र मातृभाषाको पत्रकारिताबारे कार्यपत्र प्रस्तुत गरेका थिए । त्यसैगरी भारतमा सामुदायिक रेडियो, भारत मातृभाषा पत्रकारिताको विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । उद्घाटनसत्र र समापनसत्रमा उठेका विषयमा भएका छलफलसमेतलाई समेटेर घोषणापत्र तयार गरिएको पत्रकार राष्ट्रिय दबूका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले जानकारी दिए ।

घोषणापत्रमा नेपालका प्रथम मातृभाषा पत्रकार धर्मादित्य धर्माचार्यको जन्मजयन्ती (हरेक वर्ष बुद्धजयन्तीको अघिल्लो दिन) मनाउँदै आएको मातृभाषा पत्रकारिता दिवसलाई अझ व्यापक गर्ने उल्लेख गरिएको छ । विविध भाषाभाषीले पुस्तौंदेखि संग्रह गरिराखेको ज्ञान, सीप र प्रविधि विश्वव्यापी रुपमा हराउने क्रममा रहेकाले त्यसको संरक्षणको लागि मातृभाषा पत्रकारिताको माध्यमलाई प्रभावकारी र शक्तिशाली माध्यम बनाउने घोषणापत्रमा उल्लेख छ ।

विविध भाषाभाषी, बहुल जातजाति र समुदायलाई सम्बन्धित मातृभाषाको माध्यमबाट सुसूचित हुने र अभिव्यक्ति स्वतन्त्रताको हकप्रति ऐक्यबद्धता प्रकट गर्दै घोषणापत्रमा दक्षिण एसियाली राष्ट्र, जनताबीच सुमधुर बनाउन मातृभाषाको पत्रकारिता माध्यमबाट बढावा दिने भनिएको छ । घोषणापत्रमा मातृभाषा जोगाउन तथा त्यसका लागि मातृभाषाका पत्रकार र सञ्चारमाध्यमलाई विशेष सहुलियत, अनुदान तथा पत्रकारलाई सीप विकासको लागि सहायता प्रदान गर्ने र मातृभाषा पत्रकारिता सम्मेलन नियमितरुपमा विभिन्न राष्ट्रमा आयोजना गर्ने प्रतिबद्धता जनाइएको छ ।

घोषणापत्रले मातृभाषा पत्रकारिताको विशेषता, त्यसको महत्व तथा एजेण्डाका विषयमा दक्षिण एसियाली पत्रकारबीच ऐक्यबद्धता र सहकार्यको लागि आधार भूमि तयार गरेको घोषणापत्र मस्यौदा समितिका संयोजक एवं पत्रकार राष्ट्रिय दबूका वरिष्ठ उपाध्यक्ष सुनिल महर्जनले जानकारी दिए ।

# नक्कली प्रमाण पत्रका आधारमा जागिर खाने शिक्षकविरुद्ध मुद्दा




**काठमाडौं / मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली प्रमाण पत्रका आधारमा नियुक्ति लिएको आरोपमा महोत्तरीका १ जना शिक्षकविरुद्ध मुद्दा दायर गरेको छ। आयोगले राष्ट्रिय प्राथमिक विद्यालय धमौरामा कार्यरत राहत शिक्षक अशोककुमार साहविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

साहले कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय, कामेश्वरनगर दरभंगा बिहार, भारतबाट नवीन उत्तर मध्यमा तह उत्तीर्ण गरेको भनी नक्कली शैक्षिक योग्यताका प्रमाणपत्र पेश गरी राहत कोटामा नियुक्ति खाएको अख्तियारको ठहर छ । २०६९ कात्तिक २५ गतेदेखि लागू हुने गरी शिक्षक अनुदान कोटा (राहत) मा नियुक्ति लिई हालसम्म कार्यरत रही ओहदा, लाभ र सुविधा प्राप्त गरेको भन्दै उनीविरुद्ध मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले विज्ञप्तिमार्फत जनाएका छन् ।

**स्वास्थ्य...**

अर्थोस्कोपी मेसिन र ओटी टेबललगायतका उपकरण प्रयोगमा नल्याइएको प्रतिवेदनमा छ ।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विगतमा किनिएका एमआरआई मेसिन ३ तथा स्वास्थ्य सेवा विभागले उपलब्ध गराएका ७ थान हेमोडाइलाइसिस मेसिन चालू अवस्थामा नरहेको प्रतिवेदनमा उल्लेख छ। यसैगरी, मेसिन खरिद गर्न मन्त्रालयले गत वर्ष ३१ करोड निकासा गरे पनि खरिद नगर्दा एमआरआई गर्नुपर्ने बिरामीलाई बाहिर पठाउनुपर्ने अवस्था रहेको जनाएको छ।

प्रतिवेदनमा बीपीमा अंकोलोजी भवन निर्माण गर्न २०७४/०७५ मा सरकारले २१ करोड ६७ लाख निकासा गरे पनि भवन निर्माण नभएको, विगतमा तयार गरेको अक्सिजन प्लान्ट सञ्चालन हुन नसकेको उल्लेख छ । प्रतिष्ठानको संगठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेकालगायतका कारण सेवा प्रवाहमा समस्या रहेको उल्लेख गरेको छ । महालेखा प्रतिवेदनमा स्वास्थ्य सेवा विभागले माग बेगर नै उपकरण खरिद गरेर अस्पताललाई हस्तान्तरण गर्ने, मूल्य नखुलाउने, वारेन्टी ग्यारेन्टीका कागजात उपलब्ध नगराउने लगायतका समस्या देखिएको समेत उल्लेख गरिएको छ ।

**बालेनसँग...**

नेताहरुका अनुसार काठमाडौंको मेयरका रूपमा बालेनको दुई वर्षको काम हेरेपछि ओलीलाई लागेको छ- उनलाई सम्झाउने कोही भएनन् । त्यसैले अराजकतातर्फ उन्मुख भए ।

बालेन स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरको मेयर निर्वाचित भएका हुन्, बाँकी जनप्रतिनिधि दलगत रूपमै आएका छन्। एमालेबाट उपमेयर सुनिता डंगोल छिन् भने १२ जना वडाध्यक्ष छन् । नेपाली कांग्रेसका १८ वडाध्यक्ष छन्। कार्यपालिका र नगर सभा दुवैमा कांग्रेसको बहुमत छ।

तर मेयरसँग कार्यकारी अधिकार हुने भएकाले महानगरको कामकारबाहीमा बालेन हाबी छन् । बहुमत विपक्षमा हुँदा पनि मेयरले आफ्नो अनुकूल निर्णय गर्ने गरेका छन् । एमालेबाट निर्वाचित उपमेयर सुनिता डंगोल समेत मौन बस्ने गरेको एमाले नेताहरूको गुनासो छ । एमाले नेताहरूले उपमेयर र वडाध्यक्षहरूलाई बोलाएर बालेनबारे किन मौन भनेर प्रश्न गरेका थिए । त्यसको प्रभाव १८ जेठमा बसेको नगर कार्यपालिका बैठकमा देखियो।

काठमाडौं २२ का वडाध्यक्ष चिनिकाजी महर्जनले न्यूरोड क्षेत्रको फुटपाथ विस्तार र आफ्नो वडाबाट केही फाइल लगेको विषयलाई लिएर मेयरको कार्यशैलीमाथि प्रश्न उठाए । मेयर र वडाध्यक्षबीच केहीबेर नोकझोंक समेत भएको थियो।

महानगरको कार्यपालिका सदस्यहरुले नेतृत्वबाटै प्रश्न आओस् भन्ने चाहेपछि ओली आफैंले बालेनमाथि प्रश्न गरेको नेताहरु बताउँछन्।

१९ जेठमा काठमाडौंमा बसेको राष्ट्रिय युवा संघको कार्यक्रममा ओलीले बालेनको नाम नलिइ भनेका थिए, 'म छक्क पर्छु, कतिसारो कमजोर प्रवृति भएको होला ? कसैले अर्काको ढोकामा लगेर फोहोर फ्याँकिदिन्छ, यो गलत गऱ्यौ भनेर कसैले भन्न सक्दैन ।'

बालेनप्रति लक्षित गर्दै ओलीले अराकजतावादीको बोलवाला हुन थालेको भन्दै अगाडि भनेका थिए, 'हामीले सम्झाउनुपर्छ । किनकि यो हामीले बाँचिरहेको समाज हो, हामीले बाँच्नुपर्ने समाज हो ।' ओलीले आफैं प्रश्न गर्न थालेपछि एमालेका स्थानीय नेता/कार्यकर्ता समेत सोही रुपमा अगाडि बढेको नेताहरु बताउँछन्।

आइतबार एमालेको स्थानीय कमिटीले वालेनको विरोध गर्दै न्युरोड केन्द्रित प्रदर्शन समेत गरेको थियो।

**भारतमा...**

नेतृत्वको गठबन्धनले ८० सिट मात्रै जितेको थियो । तर यसपटक कंग्रेस नेतृत्वको इण्डिया गठबन्धनले २३३ स्थानमा अग्रता (जित सहित) लिएको छ । यो नतिजाबाट कंग्रेसका नेताहरु उत्साहित देखिएका छन् । कंग्रेसका नेता राहुल गान्धीले पत्रकार सम्मेलन गरेर नतिजा आफ्नो पक्षमा आएको बताएका छन् । प्रधानमन्त्री मोदीलाई विदाइ गर्ने अभिमत आएको समेत उनको तर्क छ । तर नयाँ सरकार बनाउन लाग्ने अथवा प्रतिपक्षीमा बस्ने भन्ने निर्णय गठबन्धनको बैठकबाट हुने बताएका छन् । कंग्रेसले नयाँ सरकार बनाउनलाई बिजेपीसँग मिलेर चुनाव लडेका साना दलहरुको साथ लिन आवश्यक छ । किनकि बिजेपी नेतृत्वको गठबन्धनमा रहेका दलहरुलाई बहुमत प्राप्त हुने देखिन्छ। तर प्रधानमन्त्री मोदीले विपक्षीहरु सबै मिल्दा पनि बिजेपीले जिते जति सिट नल्याएको टिप्पणी गरेका छन्। प्रधानमन्त्री मोदीले मतदातालाई धन्यवाद दिएका छन् ।

**पोखरा...**

मन्त्रालय, सामाजिक तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको आयोजनामा सञ्चालन गरिएको मेलामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सरोकावालाहरुको सहभागिता रहेको थियो । मेलालाई होटल संघ नेपाल (हान)ले संयोजन गरेको थियो।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघलगायतका सरोकारवाला संस्थाहरु सहसंयोजक रहेको मेलामा विभिन्न विषयमा ६ वटा श्रमाधान संवाद कार्यक्रम राखिएको थियो।

मेलामा आप्रवासी स्रोत केन्द्र, वैदेशिक रोजगार विभाग, बोर्ड, सीजी ग्रुप, सामाजिक सुरक्षा कोष, एनएमबि बैंक, पोखरा महानगर, होङ्सी सिमेन्ट, नेपाल उद्योग वाणिज्य महासंघ, होटल सरोवर, नेपाल उद्योग परिसंघलगायतको स्टलहरु रहेका थिए। श्रम तथा रोजगार कार्यालय पोखराका प्रमुख वरिष्ठ श्रम अधिकृत सुरेश ढकालले मेला भव्यताका साथ सम्पन्न भएको बताए । उद्घाटन समारोहमा बोल्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले मेलाले तत्कालै रोजगारी दिने नभइ एउटा अभियानको रुपमा अघि बढेको बताएका थिए । कोशी प्रदेशको विराटनगरबाट शुरु भएको श्रमाधान रोजगार मेला बागमती प्रदेशको ललितपुरमा पुगेर सकिनेछ।

अब जेठ २३ र २४ गते लुम्बिनी प्रदेशको बुटवलमा श्रमाधान रोजगार मेला आयोजना हुँदैछ । बुटवलस्थित बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (बीआईसीसी)मा आयोजना हुने मेलाको उद्घाटन श्रममन्त्री अर्यालले गर्नेछन् ।

लुम्बिनी प्रदेश मेला संयोजक एवम् उपसचिव लोकनाथ भुसालले रोजगार मेलाले रोजगार खोज्नेहरू, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालालाई एकै ठाउँमा ल्याएर यस कार्यक्रमले नेटवर्किङ र रोजगारीका लागि अनुकूल वातावरण सिर्जना गर्ने जानकारी दिए। उनले मेलाबाट रोजगारी सिर्जना, युवा सशक्तीकरण र दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।


## PURCHASE OF SECURITY DEVICES

The Royal Embassy of Saudi Arabia in Kathmandu intends to buy Three Parcel inspector devices and four Personnel inspection Gates that shall be one of the best types and latest models. Who would like to sell it to come to the Embassy located in Kupondole, Sanepa Marg, Lalitpur and submit its own offer.

**Contact No: 4720891 Ext: 1007-1014**

## साउदीमा रोजगार |

कम्पनी: AL GIHAZ CONTRACTING COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०२/२२ चलानी नं.: ६०२२०५८१ LT. No.: 305823

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Cable Connecter | 13 | 0 | स. काममा दक्ष | 1600 | ५६,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ ३० गते (12 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 247/058/059

**H.R. International Employment Services Pvt. Ltd.**
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

## किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट
वाग्मती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

(प्रकाशित मिति :२०८१/०२/२३)

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय Portal www.bolparta.gov.np/egp मार्फत मिति २०८१/०१/१९ र मिति २०८१/०१/२० गते प्रकाशित बोलपत्र अह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| क्रम सं | ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/WORKS /ROAD/09/2080/81 | Bishang-Kiput Ghalegaun Road Maintenance | Ghayangdanda Devi Nirman Sewa Madanpur 4,- Nuwakot | Rs.24,71,889.82 |
| 2. | KRM/NCB/WORKS /BLDG/10/2080/81 | Kispang Bahuprabidhik Sikshyalaya Bhawan Nirman | New Bogati Builders, Bidur-1, Nuwakot | Rs.25,67,796.11 |

प्रमुख प्रशासकीय अधिकृत

# नेकपा एमाले कैलालीको १० पालिकामा अधिवेशन सम्पन्न

सुनिल आउजी/मध्यान्ह
धनगढी, २२ जेठ

कैलालीका १० वटा स्थानीय तहमा एमालेले नयाँ नेतृत्व चुनेको छ ।

कैलारी गाउँपालिका, लम्की चुहा नगरपालिका र जानकी गाउँपालिका बाहेक अन्य स्थानीय तहको अधिवेशन सम्पन्न भइसकेको पार्टी जिल्ला कमिटीका उपसचिव चुडामणी भट्टले जानकारी दिए । धनगढी उपमहानगरपालिका, गोदावरी, गौरिगंगा, घोडाघोडी नगरपालिका र भजनीमा चुनावी प्रक्रियाबाट नेतृत्व चयन गरिएको छ, भने अन्य पालिकाहरुमा सव{सम्मत तरिकाबाट नेतृत्व चयन गरिएको भट्टले जानकारी दिए ।



हालसम्म सम्पन्न १० स्थानीय तहको अधिवेशनबाट दुई पालिकामा महिलाले नेतृत्व सम्हाल्ने अवसर पाएका छन् । सोमबार राति मात्रै सम्पन्न धनगढी उपमहानगर कमिटीको मत गणनाबाट अम्बिका बिष्ट अध्यक्षमा निर्वाचित भएकी छन् । दुई पुरुष उम्मेदवारलाई पछि पार्दै बिष्ट निर्वाचित भएकी हुन् । उनले १२८ मत पाउँदा अर्का उम्मेदवार कमल सिंह रानाले ६९ मत र मदन रेग्मीले ४७ मत पाएका थिए । यस्तै मंगलबार सम्पन्न भजनी नगर कमिटीको अधिवेशनबाट उर्मिला चौधरी निर्वाचित भएकी छिन् ।

यस्तै हालसम्म सम्पन्न भएका पालिकाहरुमध्ये गोदावरीमा सन्तोस सिंह निर्वाचित भएका छन् । गौरीगंगामा पदम बहादुर ऐर, घोडाघोडीमा हेमराज सापकोटा निर्वाचित भएका छन् ।

यस्तै बर्दगोरिया गाउँपालिकामा मधुकर सिजापति मगर, मोहन्यालमा बम बहादुर रावल, टिकापुर नगरपालिकामा लक्ष्मण थापा, जोशीपुर गाउँपालिकामा केशर बहादुर चौधरी अध्यक्षमा सव{सम्मत चयन भएका हुन् । कैलारी गाउँपालिकामा अधिवेशन बाँकी छ भने, लम्कीमा निर्वाचन प्रक्रिया जारी छ यस्तै जानकी गाउँपालिकामा पनि प्रक्रिया जारी छ ।

स्थानीय तहको अध्यक्ष सरह मान्यता पाएको मजदुर विशेष इलाकाको नेतृत्वमा ललित चन्द छन् भने बुद्धिजिवी विशेष इलाकाको अधिवेशन बाँकी छ ।

# मोना इतावासी फेस्टिभलको आम्दानी र खर्च सार्वजनिक

मध्यान्ह संवाददाता
दोहा, २२ जेठ

जापानको राजधानी टोकियोमा अवस्थित खामी इतावासी हेवा क्वोइन (पार्क)मा गत अप्रिल २७ र २८ तारिख सम्पन्न मोना इतावासी फेस्टिभलको आम्दानी खर्च विवरण सार्वजनिक भएको छ ।

जापानको इतावासी नगरपालिका तथा म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापानले संयुक्त रूपमा आयोजना गरेको मोना इतावासी फेस्टिभलमा कुल ९४ लाख ७२ हजार ८३२ येन आम्दानी, ५१ लाख २४ हजार ४९२ खर्च र ४३ लाख ४८ हजार ३४० येन बचत भएको जनाइएको छ ।

त्यसैगरी उक्त मोना फेस्टिभलको ७ लाख ८९ हजार येन उठ्न बाँकी रहेको कोषाध्यक्ष ज्ञानेन्द्र कार्कीद्वारा सार्वजनिक गरिएको आयव्यय विवरणमा जनाइएको छ ।

मोना जापानले टोकियोमा पत्रकार सम्मेलन आयोजना गरेर कार्यक्रमको आम्दानी खर्च विवरण सार्वजनिक गरेको हो ।

कार्यक्रमको आम्दानी खर्च विवरण सार्वजनिक गर्नुको साथै आगामी कार्ययोजना समेत सार्वजनिक गरिएको छ । मोना जापानका अध्यक्ष विशाल केसीको अध्यक्षता र मोना अन्तर्राष्ट्रियका अध्यक्ष ददिवल खड्काको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।



फेस्टिभलमा नेपाली कला, संस्कृति, परम्परा र जनजीवनलाई झल्काउने कार्यक्रमसँगै विभिन्न साङ्गीतिक तथा सांस्कृतिक कार्यक्रम समावेश गरिएको थियो । कार्यक्रममार्फत फेस्टिभल सफल बनाउन विभिन्न विधामा आ-आफ्नो स्थानबाट आर्थिक, नैतिक, भौतिक सहयोग पुर्‍याउने सहयोगीहरूलाई सम्मान गरिएको थियो । मोना जापानका सल्लाहकार तिलक मल्लले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए । वरिष्ठ उपाध्यक्ष गणेश श्रेष्ठले स्वागत र महासचिव सागर कार्कीले कार्यक्रमको सहजीकरण गरेका थिए । कार्यक्रममा गण्डकी प्रदेशका महिला खेलाडी सस्मी पुन, मानिष तिलिजा पुन र जिल्ला स्तरीय खेलाडी डिमा पाइजा पुनलाई सम्मान पत्रले सम्मान गरिएको थियो ।

# कृषि ज्ञान केन्द्र अर्घाखााचीको बजेट ४ करोड घट्यो

अर्घाखाँची/मस- देशको ठूलो हिस्सा आज पनि कृषिमा निर्भर छ । मुलुकको पालनपोषण गर्ने भरपर्दो क्षेत्र कृषि नै हो । तर आगामी आर्थिक वर्षको बजेटमा कृषकले पाउने सेवासुविधा कटौती हुँदा किसानहरु भने ठूलो मर्कामा पर्ने भएका छन् ।

प्रदेश सरकारको सिलिङमा अर्थ मन्त्रालयले नयाँ दिने बजेट कृषिले पाउने बजेट सीमा घटाइदिएपछि नियमित कार्यक्रम तथा सुविधा समेत कटौती हुने अवस्था आएको लुम्बिनी प्रदेश कृषि मन्त्री भण्डारिलाल अहिरले बताए ।

त्यस्तै जिल्लाहरुमा जाने बजेट १५ देखि २० प्रतिशत कटौती हुने मन्त्रालयका सचिव नम्रता सिंहले जानकारी दिइन् । यता कृषि ज्ञान केन्द्र अर्घाखाँचीको बजेट गत आर्थिक वर्षको भन्दा १५ प्रतिशत कमी हुने भएको छ । २०८०/०८१ मा ४ करोड ७१ लाख रहेकोमा यस आर्थिक वर्ष २०८१/०८२ को लागि घटेर ३ करोड ९८ लाखको बजेट प्रस्तावित भएको र यसले गर्दा विगतका चालू योजनाहरु सम्पन्न गर्न समस्या हुने कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धिराज घिमिरेले बताए ।




कृषि ज्ञान केन्द्र अर्घाखाँचीले सन्धिखर्कमा गरेको जिल्लाका ६ वटा स्थानीय तहमा खटिएर काम गरिरहेका कृषि प्राविधिकसँगको अन्तक्रिया गोष्ठी कार्यक्रममा बोल्दै घिमिरेले सिलिङ घटेपनि जनताको काम प्राविधिकले गर्ने धेरै हुने भएकोले पनि किसानको खेतबारीमा पुगेर मुस्कानसहितको सेवा दिन प्राविधिकहरुलाई आग्रह गरेका छन् । घिमिरेले भने, 'बजेट क्रमशःघट्दै जान्छ कृषकका समस्या बढ्दै जान्छन् । कसरी किसानका समस्या समाधान गर्ने भन्ने विषयमा कर्मचारीहरु गम्भीर हुन जरुरी छ । कृषि ज्ञान केन्द्र अर्घाखाँची जिल्ला भरका किसानहरुको समस्या समधान गर्ने जिल्लाको तालुकी अड्डा हो । ज्ञान केन्द्रबाट साना सिँचाइसहित कृषि विकास कार्यक्रम, पि.वि.एस बीउ, आलु वितरण, बालिवस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र कार्यक्रम, लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम,मौरी गोला तथा घार वितरण, कार्यक्रम माटो व्यवस्थापन,फलफुल बिरुवा वितरण, कृषि सञ्जाल गठन लगायतका कार्यक्रमहरु यस वर्ष समावेश गरिएको कार्यालय प्रमुख घिमिरेले दावी गरे ।

ज्ञानकेन्द्र अर्घाखाँचीले यतिबेला अनुगमन निरीक्षणको कामलाई तिव्र पारेको छ । जिल्लाभर कृषि विकास अन्तर्गत भइरहेका विकास निर्माण कामहरुलाई समयमा सम्पन्न गराउन गुणस्तरीय गराउनका लागि कार्यालय प्रमुख घिमिरेसहितका अधिकारीहरु अनुगमनमा व्यस्त छन् ।


## Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicant.

- ★ General Manager - 1 Male/ Female
- ★ Pro - 3 Male/ Female
- ★ Documentation - 1 Female

* Above All Category Candidate Must Have Computer Knowledge.

Attractice salary for the deserving candidate

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.*

Prority will be given for manpower Experienced.

श्रम इजाजत नं. १५१३/०७४/०७५

**Well Growing Recruitment (P.) Ltd.**
Maharajgunj Chakrapath, Kathmandu, Nepal
Contact: 01-5916635, Mobile No: 9803138780.
Email: Wellgrowing@gmail.com



## VACANCY ANNOUNCEMENT

A reputed Manpower Agency is seeking qualified, competent, and highly motivated candidates for the following positions:

- Secretary - 1 (M/F)
- Documentation - 4 (M/F)
- Ticketing officer - 2 (F)
- Counseling - 2 (M/F)
- Graphic Designer - 1 (M/F)

SALARY Negotiable

Ideal candidates should have excellent knowledge and skill in computer applications (( Word, Excel, PowerPoint, Outlook), a perfect command of written and spoken English, and at least 3 years of experience in the recruitment field.

**Requirement :**
* Minimum +2 qualification
* Relevant experience in a similar position
* Good knowledge of adobe photoshop and Nepali typing skill.
* Fluency in both spoken and written English.

Office hours: 9:30-6:00

Interested candidates are requested to submit their updated CV along with a letter of application to **officelangtang@gmail.com** or call 9851161229, 9818510349, 9707312439

**LANGTANG OVERSEAS PVT.LTD.**
Basundhara-03, Kathmandu Nepal
info@langtangoverseas.com www.langtangoverseas.com
Govt. Lic. No.:1643/080/081



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२३७११** को **इडेन गार्डेन रेष्टुरेन्ट एण्ड लाउन्जबार प्रा.लि.** को मिति २०८१/०२/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com



## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO : 5 (M/F)

Salary: Negotiable

**सम्बन्धित क्षेत्रमा २ देखि ३ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ ।**
**योग्य उम्मेदवारले आफ्नो बायोडाटा, हालचालै खिचेको पासपोर्ट साइजको फोटोसहित इमेल मार्फत वा तलको फोनमा सम्पर्क गर्नुहोला ।**

Please send your CV: reception.guideline@gmail.com
Mob: 9823461212 | 9828978131

Govt.Lic.No 1061/073/74
**Guideline Recruitment Service Pvt. Ltd.**
Samakushi, Jaldhara Marg, Kathmandu Tel.: 4389497
Web: www.guidelinerecruitment.com



## कतारमा रोजगार

कम्पनी: AL SULAITEEN AGRICULTURAL & INDUSTRIAL COMPLEX
शहर : Qatar

पूर्व स्वीकृत मितिः २०८१/०२/२२ चलानी नं.: ६०२२०५८७ LT. No. 305756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 31 | 0 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ ३० गते (12 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Samakhusi Townplanning, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075 Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851152243 (Whats App Message Only No calls)
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np



## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनी : YEMNAK FOR REPAIR & MAINTENANCE OF AIR CONDITION & REFRIGERATION EQUIPMENT COMPANY W.L.L.
पूर्व स्वीकृत मितिः २०८१/०२/२२ चलानी नं.: ६०२२०५८६ L.T. No.: 305886 शहर : KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HVAC Technician | 4 | 0 | स. काममा दक्ष | 180 | ७७,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ ३० गते (12 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DHR Destiny Human Resource Nepal Pvt. Ltd.**
Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:dhrdestiny@gmail.com
Mob: 9863911244, 9851202756, 9851170405, 9860405352
Gov. lic. No. 789/065/66



## कतारमा रोजगार |

कम्पनी: ANSAR GALLERY
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८०/०८/२१ चलानी नं.: ६०२११०८६ L.T. No.: 294989 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SUPERVISIOR | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | २४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1200 | २४,००० | | | | | | | |
| 3. | Salesman | 0 | 1 | | 1200 | २४,००० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ ३० गते (12 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Nepal Placement Agency Pvt. Ltd.**
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
श्रम इजाजत नं.: ३१०/०५९/०६० Tel: 01- 4432999 01-4431239, 9851002903
Email: info@npajobs.com, Web.: www.npajobs.com


## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कठौना, सप्तरी
### मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना**

**मिति २०८१/०२/२३ गते**

यस शम्भुनाथ नगरपालिकाको मिति २०८०/१२/०२ गते प्रकाशित बोलपत्र आह्वान सूचना अनुसार तोकिएको मितिसम्म पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र मुल्याङ्कन समितिबाट सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. तथा कामको बिवरण | छनोट बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1. | NCB/SM/80/81/4 Construction of 15 bed primary hospital | श्री M B–Tecon–Jay Shambhu JV रानिभवण, काठमाडौं | २०,२३,३९,९४०.८० | |

**प्रमुख प्रसाशकीय अधिकृत**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

२३ जेठ २०८१, बुधबार
5 June 2024, Wednesday

## सम्पादकीय

# कृषि नचिन्ने सरकार

आगामी आर्थिक वर्ष २०८१/०८२ लागि अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको बजेटमाथि संघीय संसद्मा छलफल चलिरहेको छ । राष्ट्रियसभा र प्रतिनिधिसभामा छलफल सकिएपछि बजेट पारित हुनेछ । छलफलका क्रममा सांसदहरूले बजेटले समेट्न नसकेका विषयहरू उठाइरहेका छन् । सत्ता र प्रतिपक्षमा रहेका सांसदहरूले आफ्नो पोजिसन अनुसार बजेटबारे बोलिरहे पनि केही विषयमा साझा अभिमत देखिएको छ । यसरी साझा अभिमत देखिएको विषय मध्ये एक हो, कृषि । कृषि क्षेत्रबारे गरिएको व्यवस्था पर्याप्त नरहेकोमा सत्तारूढकै सांसदहरूले पनि निष्कर्ष प्रस्तुत गरिरहेका छन् । जबकी सरकारले भने कृषि लगानी दशक नै घोषणा गरेको छ । आगामी २०९१ सालसम्म कृषि लगानी दशक रहने बजेटमा उल्लेख छ ।

तर कृषि क्षेत्रको बजेट घटाएर लगानी दशक घोषणा गरिएकोप्रति सरकारले चर्को आलोचना खेपिरहनु परेको छ । आगामी वर्षका लागि सरकारले कृषि क्षेत्रलाई ५७ अर्ब २९ करोड विनियोजना गरेको छ । यो भनेको चालु आव भन्दा एक अर्ब ६९ करोडले कमी हो । चालु आवमा कृषितर्फ ५८ अर्ब ९८ करोड विनियोजन गरिएको थियो । अर्थात् आगामी आवमा कृषि क्षेत्रको बजेट घटाएर कुल बजेटको ३.१२ प्रतिशत मात्रै विनियोजन गरिएको छ । जबकी कृषि क्षेत्रमा यसअघि विनियोजन हुँदै आएको बजेट पर्याप्त नरहेको टिप्पणी हुँदै आएको थियो । कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा एक चौथाइ योगदान रहेको कृषिमा ३ प्रतिशत भन्दा कम बजेट विनियोजन हुँदै आएको छ ।

तर कृषि क्षेत्रप्रति आकांक्षा भने असाध्यै ठूलो छ । मुलुक निर्माणको प्रशंग आउनासाथ कृषि क्षेत्रबाट जनशक्ति पलायनकै चिन्ता हुने गर्छ । त्यसैले कृषिलाई आधुनिकरण, यान्त्रिकरणदेखि किसानलाई मुनाफा सुनिश्चित गर्ने जस्ता कार्यक्रम सरकारले अगाडि बढाएको छ । लाखौंको संख्यामा विदेशिएका युवाहरूलाई स्वदेशमै रोक्ने बातावरण निर्माण गर्न पनि कृषि क्षेत्रमा आवश्यक कार्यक्रम ल्याउनुपर्ने बहस हुँदै आएको छ । यस्तो बहस र चिन्तालाई सम्बोधन गर्न सरकारले कृषि लगानी दशक घोषणा पनि गरियो । तर बजेट घटाउने र रासायनिक मल खरीदको मात्रा घटाउने जस्तो उल्टो निर्णय सरकारले लिएको छ । त्यसैले सांसदहरूको चिन्ता स्वभाविक देखिन्छ । तर जतिसुकै चिन्ता भएपनि हाम्रो नजीर र अभ्यासका आधारमा हेर्दा बजेट संशोधन हुने देखिदैन । बरू अर्को वर्ष बजेट बनाउँदा यसतर्फ ध्यान दिन आवश्यक छ भने मन्त्रिपरिषद्बाट हुने निर्णयहरूबाट समेत कृषि क्षेत्रलाई सम्बोधन गरिनुपर्छ ।

# विकल्प बन्न चुकेका वैकल्पिक शक्ति

*व्यवहारतः नयाँ दलहरूले आफूलाई पुराना दलभन्दा फरक साबित गर्न सकिरहेका छैनन् । पछिल्लो निर्वाचनबाट उदाएकाहरू पनि पुरानै दलको बाटो पछ्याइरहेको देखिन्छ ।*

**अग्रलेख**



● ललितकुमार यादव

पटक-पटक व्यवस्था बदलियो तर, जनताको अवस्था बदलिएन । कारण स्थापित दलहरू आफैंले ल्याएको व्यवस्थाप्रति इमानदार देखिएनन् । परिवर्तित व्यवस्थालाई सही ढंगले चलाउनै चाहेनन् । मुलुक प्रजातन्त्र हुँदै लोकतन्त्रदेखि संघीय गणतन्त्रसम्म आइपुग्यो । तर, सत्ताको नेतृत्व र शासन शैली करिब-करिब उही र उस्तै छ ।

बारम्बार सत्तामा पुगेर पनि जनचाहनाअनुसारको काम गर्न नसकेका राजनीतिक दलको विकल्पको खोजीमा आममतदातामा रहेका छन् । विकल्प खोज्न नसकेसम्म जनताको अवस्था बदलिने देखिँदैन । जनताले निर्वाचनबाटै विकल्प खोज्ने हो । राजनीतिक दल र नेतालाई निर्वाचनबाटै आम मतदाताले पुरस्कार वा सजाय दिने हो, राजनीतिक दलको कामअनुसार । देश र जनताको पक्षमा काम गर्न सक्ने दललाई सत्तामा पुऱ्याउने कर्तव्य मतदाताकै हो ।

लोकतन्त्रमा विधिको शासन हुन्छ । व्यक्तिको स्वेच्छाचारी चल्दैन न त कुनै राजनीतिक दलकै स्वेच्छाचारी चल्छ । विधिको शासन सञ्चालन गर्ने, जनताप्रति पूर्ण उत्तरदायी जनअनुमोदित सरकार लोकतन्त्रको विशेषता हो । देशको संविधान, नियम अनि कानुनको पालना गर्दै शासन सञ्चालन गर्ने पद्धति हो विधिको शासन । कानुनभन्दा माथि कोही हुँदैन र कानुनको पालना सबैले गर्नुपर्छ भन्ने अवधारणा हो । तर, नेपालमा संविधान र कानुनलाई शासकहरूले आफ्नो इच्छाअनुसार व्याख्या गर्ने प्रवृत्ति रहेको छ । त्यस्तै आवश्यक कानुन समयमै तर्जुमा गर्नुको सट्टा र मौजुदा कानुनलाई छल्नसमेत आफू अनुकुलका अध्यादेश ल्याउने र अध्यादेशकै भरमा शासन गर्ने प्रवृत्ति हाबी छ । दण्डहीनताको अवस्था उस्तै छ । न्याय सम्पादनमा ढिला सुस्ती र न्याय खर्चिलो छ । यीनै कारणले देशमा संविधानवाद र कानुनी शासन लागु हुन सकेको छैन् ।

विधिको शासन, भ्रष्टाचारमुक्त प्रशासन, चुस्त, सरल र सहज सेवा प्रवाह, स्थायित्व र आर्थिक समृद्धि यीनै नेपाली जनताको प्रमुख चाहना हुन् । तर, जनताको चाहना पूरा गर्ने गरी हालसम्मका कुनै सरकारले काम गर्न सकेका छैनन्, न त कुनै दलले जनताको यी चाहना पूरा गर्न आफू सक्षम रहेको साबित नै गर्न सकेका छन् । मुलुकले राजनीतिक स्थिरतासमेत पाउन सकेको छैन् । नेपाली जनता आफ्ना यिनै चाहना पूरा गरी दिने वैकल्पिक राजनीतिक दलको खोजमा रहेका छन् ।

नयाँ दल पुराना दलको विकल्प बन्ने दाबी गर्दै आएका छन् । केही नयाँ दलको पक्षमा जनमत पनि नदेखिएको होइन् । तर, व्यवहारतः ती दलहरूले पनि आफूलाई पुराना दलभन्दा फरक साबित गर्न सकिरहेको अवस्था छैन् । वैकल्पिक शक्ति भनेर पछिल्लो निर्वाचनबाट उदाएकाहरू अहिले पुरानै दलको बाटो पछ्याउँदै छन् । तिनीहरूले स्थापित पुराना दल र नेताहरूमाथि जे आरोप लगाएर राजनीतिमा होमिएका थिए, आज आफू त्यहीँ गर्दै छ ।

